नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# प्रेस विज्ञप्ति

उपभोक्ताले मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य विद्युतीय उपकरणका माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको दश प्रतिशत रकम निजको बैंक खातामा फिर्ता गर्ने व्यवस्था कार्यान्वयन गर्ने गर्न यस विभागले निर्माण गरेको प्रणालीको आज मिति २०७६ साल माघ २८ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूबाट शुभारम्भ भएको छ ।विभागबाट तयार गरिएको प्रणालीमा उक्त सेवा उपलब्ध गराउन इच्छुक भई सूचीकृत भएका नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको विद्युतीय भुक्तानी कार्ड प्रयोग गरी भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेण्टल प्रा.लि.को त्रिपुरेश्वर शाखा तथा KKFC New Road शाखाबाट कर लाग्ने वस्तु वा सेवा खरिद गर्ने उपभोक्ताहरुमा शुरु गरियो । विभागले सम्भाव्य सबै करदातालाई यो प्रणालीमा आवद्ध हुन अनुरोध गरेको छ । यस सम्बन्धी सूचना विभागको वेवसाइट तथा पत्र पत्रिकामा प्रकाशित गरिएको छ ।

विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने उपभोक्ताको खाताबाट बिक्रेताको बैंक खातामा र बिक्रेताको खाताबाट पुनः उपभोक्ताको बैंक खातामा रकम जम्मा हुने गरी प्रणालीमा सुधार गर्नु पर्ने भएको हुँदा यो प्रणालीका मुख्य सरोकारवाला पक्ष जस्तैः विद्युतीय बीजक जारी गर्ने मूल्य अभिबृद्धि करमा दर्ता भएका बिक्रेता, भुक्तानी प्रणाली संचालक, भुक्तानी सेवा प्रदायक संस्थाहरुको सक्रिय सहयोग प्राप्त हुने विश्वास राखिएको छ । उक्त सेवा उपलब्ध गराउन इच्छुक भई सूचीकृत भएका Fone Pay, e-Sewa, Khalti, Cell Pay, Connect IPS जस्ता भुक्तानी प्रणाली संचालक तथा भुक्तानी सेवा प्रदायक संस्थासंग आवद्ध बिक्रेता तथा उपभोक्ताहरुमा पनि लागू गरिएको छ ।

यस्तो प्रणालीगत सुधार गरेका बिक्रेताहरुबाट एक पटकमा रु १ हजारदेखि रु १ लाख सम्मको मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवाको खरिद गरी विद्युतीय माध्यमबाट भुक्तानी गर्ने उपभोक्ताहरुले यो सुविधा उपभोग गर्न सक्नेछन्। आन्तरिक राजस्व विभागबाट स्वीकृति लिई विद्युतीय माध्यमबाट बीजक जारी गर्ने बिक्रेताबाट यस प्रणालीमा आवद्ध बैंक तथा वित्तीय संस्थाले जारी गरेका विद्युतीय उपकरणबाट भुक्तानी गरेकोमा मात्र यो सुविधा प्राप्त हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।यो व्यवस्थाले वस्तु वा सेवा खरिद बिक्री गर्दा बिल बीजक लिने दिने बानीमा थप सुधार हुने अपेक्षा गरिएको छ।

साथै आजैदेखि करदाताहरुको बायोमेट्रिक सूचना दर्ता गर्ने कार्यको समेत शुभारम्भ गरिएको छ जसमा प्राकृतिक व्यक्तिलाई स्थायी लेखा नम्बर जारी गर्दा, एकल स्वामित्वको फर्मलाई मूल्य अभिबृद्धि करमा दर्ता गर्दा व्यक्तिको बायोमेट्रिक सूचनाहरु लिई अभिलेखको रुपमा राखिने छ । कुनै साझेदारी फर्म वा कम्पनीलाई मूल्य अभिबृद्धि करमा दर्ता गर्दा सो निकायको व्यवसायिक सूचनाका अतिरिक्त सो निकायको प्रमुख कार्यकारी व्यक्तिको बायोमेट्रिक सूचनाहरु लिई बायोमेट्रिक दर्ता प्रणालीमा अभिलेख रहने प्रणालीको विकास गरिएको छ ।यो प्रणाली हाल आन्तरिक राजस्व कार्यालय टंगाल र नयाँ सडकबाट प्रारम्भ गरिएको छ र क्रमशः अन्य आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा विस्तार गरिनेछ । यो प्रणालीले करदाता दर्ता प्रणालीमा सुधार गरी गुणस्तरीयता कायम गर्ने र हाल मूल्य अभिबृद्धि करमा दर्ता रहेका करदाताहरुको विवरण क्रमशः नयाँ दर्ता प्रणालीमा अद्यावधिक हुनेछ ।
मितिः २०७६ माघ २८ गते मंगलवार ।